श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ०२

पुनरावेदन नं. ०७५-RB-०००२

काठमाडौं जिल्ला मनमैजु गा.वि.स.वडा नं.८ स्थित श्री शिवशक्ती प्रोडक्ट नेपाल प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त अधिकारी नरेन्द्र दाहाल ..........................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार विभाग, त्रिपुरेश्वर काठमाडौ........................................................१ } प्रत्यर्थी

भन्सार अधिकृत विरगंज, पर्सा.............................................................. १ }

विरगंज भन्सार कार्यालय, विरगंज पर्सा

**मुद्दा : मालबस्तु जफत गरिएको ।**

शुरु निर्णय गर्ने कार्यालय : विरगंज भन्सार कार्यालय पर्सा विरगंज

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार अधिकृतश्री सेवन्तक पोखरेल

शुरु निर्णय मिति : २०७५/०३/०७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री बल्लभ बस्नेत

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

यसमा विरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री सेवन्तक पोखरेलले मिति २०७५।३।७ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भइ दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

मुद्दाको तथ्य

१. श्री शिवशक्ती प्रोडक्ट प्रा.लि.ले **UAE** को श्री **GOLDEN INTERNATIONAL FZE** बाट विरगंज भन्सार कार्यालयको प्रज्ञापन पत्र नं. **M 38643 Date 22/03/2018 INVOICE**

**NO.004/17-18/G1 DT 06.02.2018** अन्तर्गत **BETEL NUTS** १७० व्याग, १३६०० के.जि.भारतबाट आयात गरी जाँचपासका लागी प्रज्ञापनपत्र पेश गरेकोमा भौतिक निरिक्षण गर्दा निजले पेश गरेको विजक **GOLDEN INTERNATIONAL FZE** को नाममा देखिएको र उक्त मालबस्तु भारतमा उत्पादन नभई **INDONESIA** मा उत्पादन भई भारतबाट नेपाल आयातको लागी भारतिय **SB NO.4000359 DT2018.02.08** प्रज्ञापन पत्रमा उल्लेख गरी पैठारीका लागी पेश हुन आएको ।

२. नेपाल र भारत सरकारका बिच भएको वाणिज्य सन्धी अनुरुप तेश्रो मुलुकमा उत्पादित मालवस्तु भारतबाट नेपालमा पैठारी गर्न नपाउने, पैठारी भएको मालवस्तु सुपारी १३६०० के.जि. **(170 BAGS)** भारतमा उत्पादन नभई तेश्रो मुलुक (**INDONESIA)** मा उत्पादन भएको देखिएको, नेपाल भारत सरकारबिच भएको वाणिज्य सन्धि अनुरुप तेश्रो मुलुकमा उत्पादित मालवस्तु एक अर्का मुलुकले पुनः निकासी गर्न बन्देज गरिएको हुँदा जाँचपासका लागी पेश हुन आएको प्रस्तुत मालवस्तु पैठारी गर्न नमिल्ने देखिएको हुँदा जफत गर्न आवश्यक कारबाही गर्नु पर्ने देखिएको भन्ने मिति २०७५/३/६ को भौतिक निरिक्षण प्रतिवेदन ।

३. तेश्रो मुलुकमा उत्पादित मालबस्तु भारतबाट पैठारी हुन आएमा त्यस्तो मालबस्तु जफत गर्ने गरिएकोमा प्रस्तुत मालबस्तु तेश्रो मुलुकमा उत्पादित भएतापनि भारतको **SEZ** बाट आयात भएको देखिँदा मालबस्तु विजकमा मालबस्तुको मुल्य अमेरिकी डलरमा उल्लेख भएको भएतापनि सो को भुक्तानी सम्बन्धी कुनै पनि कागजात संलग्न नरहेको साथै तेश्रो मुलुकबाट आयात हुने मालबस्तुको चाहिने **CTD, Country Of Origin Certificate, Bill Of Lading** लगायतका कागजात समेत पेश हुन नआएको, नेपाल र भारत सरकार वीच भएको वाणिज्य सन्धीको **Article III** अनुरुप तेश्रो मुलुकमा उत्पादित मालबस्तु एक अर्का मुलुकले पुनः निकासी गर्न बन्देज गरिएकोमा उक्त सम्झौताको प्रावधान बमोजिम जाँच पासका लागी पेश हुन आएको मालबस्तु पैठारी गर्न मिल्ने नदेखिएकोले गोदाम दाखिला गरी जफत गरिएको भन्ने समेत वीरगञ्ज भन्सार कार्यालयको मिति २०७५/०३/०७ को निर्णय।

४. हामीले १३६०० के.जि. **Betal nuts** भारतमा पुनः निकासी हुने गरी आयात गरेका होइनौ।हामीले उक्त मालबस्तु तेश्रो मुलुकबाट आयात गरेको र भारत केवल एउटा **Transit Point** मात्रै हो । भारतमा बजारमा निकाली पुनः नेपाल ल्याईएको होइन । शुरु देखी नै उल्लेखित मालबस्तुको अन्तिम गन्तव्य भनेको नेपाल नै रहेको थियो । केवल **CTD (Country of Origin Certificate, Bill of Lading)** जस्ता कागजातहरु नभएका कारणले मात्रै हामी माथी आशंका गरी उक्त पत्रहरु माग गर्नुको सट्टा हचुवाका आधारमा मालबस्तु जफत गर्ने निर्णय गरिएको छ । उल्लेखित मालबस्तु तेश्रो मुलुक इन्डोनेसियामा उत्पादित मालबस्तु रहेको र नेपाल आयात गरेको हो । समुन्द्रको मार्गबाट सामान आयात गर्न नमिल्ने भएको हुनाले **Ocean bill of Lading** मा किटानी रुपमा इन्डोनेशिया र पोर्ट अफ डिस्चार्ज चेन्नई

भारत उल्लेख गरिएको छ । भारतहुँदै नेपाल आउनु पर्नाको कारण **Country of origin** मा इन्डोनेशिया **Country of Export** मा भारत भनी उल्लेख गर्नु परेको हो । **Golden International FZE** लाई नै हामीले **Exporter** भनि उल्लेख गरेका छौं । भारतबाट पुनः निर्यातको अर्थ गर्न भारतमा मालबस्तु प्रयोग भएको वा मुल्य तलमाथी पुन निर्धारण भएको हुनु पर्छ । हाम्रो मालबस्तु **SEZ** मा रहेको थियो । **SEZ** लाई विदेशी जमिन सरह समेत व्याख्या गरिने हुनाले **SEZ** मा रहेको सामानलाई भारतको अन्य स्थानमा रहेको सरह पुनः निकासी को अर्थ गर्न मिल्दैन । हामीले उक्त मालबस्तु **UAE** को कम्पनीबाट आयात गरेको र **SEZ unit** मा राखिएको तथ्यलाई नेपाल भारतबिचको सन्धीको गलत अर्थ गरी पुनः निकासी गर्न बन्देज लगाएको भनी माल बस्तु जफत गर्ने गरी विरगञ्ज भन्सार कार्यालयबाट भएको निर्णय बदर गरी उक्त **Betel nuts** दिलाई पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७५/०४/०६ मा परेको पुनरावेदनपत्र ।

५. यसमा मुलुकी मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०२/३० मा भएको आदेश ।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री बल्लभ बस्नेतले पुनरावेदकले इन्डोनेशियामा उत्पादित **Betal nuts** १३६०० के.जि. **GOLDEN INTERNATIONAL FZE UAE** बाट आयात गरी भारतको **SEZ** मा राखेको हो । तेश्रो मुलुकबाट सिधै आयात गरेकोले जफत हुने होइन विरगन्ज भन्सार कार्यालयको निर्णय बदर हुनु पर्छ भनी र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले पुनरावेदकले **Bill of Origin** र आयातित मालबस्तुको भुक्तानीको माध्यम देखाउन नसकेको हुँदा इन्डोनेशिया हुँदै भारतको पक्षले मगाएको मालबस्तु नेपाल भित्र्याएको पुष्टी भएको र नेपाल भारत सन्धी अनुसार तेश्रो मुलुकबाट भित्र्याएको मालबस्तु एकअर्का देशमा निकासीका लागी बन्देज लगाएको हुँदा शुरु भन्सार कार्यालयले मालबस्तु जफत गर्ने गरी गरेको निर्णय सदर हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु वीरगञ्ज भन्सार कार्यालयबाट मिति २०७५।०३।०७ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

८. निर्णय तर्फ विचार गर्दा यसमा पुनरावेदन शिव शक्ती प्रोडक्ट नेपाल प्रा.लि.ले UAE को Golden International FZE बाट विरगन्ज भन्सार कार्यालयको मिति (सन) २२.०३.२०१८

मा प्र.द.नं.M38643 बाट Betal nuts 13600 k.g.(१७० व्याग) भारतबाट आयात गरी जाँचपासका लागी प्रज्ञापनपत्र सहित विरगन्ज भन्सार कार्यालयमा पेश गरेको, आयातकर्ताले पेश गरेको विजक Golden International FZE को देखिएको र उक्त मालवस्तु इण्डोनेशियामा उत्पादन भई भारतको Special Economic Zone (SEZ) बाट चलान (Shipment) भई नेपाल आयातको लागी भारतिय SB NO 4000359 DT 08.02.2018 प्रज्ञापनपत्रमा उल्लेख गरेको देखियो ।

यसरी आयात भई आएको मालवस्तुको जाँचपास गर्ने सम्बन्धमा द्विविधा भएकोले आवश्यक निर्देशनका लागी भनी विरगन्ज भन्सार कार्यालयले भन्सार विभागमा मिति २०७४/१२/१० मा पत्राचार गरेकोमा भन्सार विभागले नेपाल भारतबिच सन Oct 2009 मा भएको वाणिज्य सन्धिको Article III मा उल्लेखित व्यवस्था अनुसार जाँचपासका लागी पेश भएको मालवस्तु पैठारी गर्न नमिल्ने भनी पत्राचार गरेको र सोही बमोजिम शुरु विरगन्ज भन्सार कार्यालयले पुनरावेदकले पैठारी गरी जाँचपासका लागी पेश गरेको उल्लेखित परिमाणको Betal nuts जफत गर्ने निर्णय गरेको देखिन्छ।

पुनरावेदकले जाँचपासका लागी पेश गरेको उल्लेखित परिमाणको Betal nuts कहाँबाट पैठारी भएको हो र यसरी पैठारी भएको मालवस्तुको सम्बन्धमा कानुनी व्यवस्था के कायम भएको छ भन्ने तर्फ हेर्दा नेपाल भारतबिच भएको OCT. 2009 को वाणिज्य सन्धीको Article III मा निम्न व्यवस्था भएको पाइयो ।

"Subject to such exception as may be mutually agreed upon, each Contracting Party shall prohibit reexports to the territory of the other Contracting Party of goods imported from third countries without manufacturing activity.
However, the above shall not be applicable in case of the export of Nepalese goods into India under the procedure set out in protocol V to the Treaty of Trade between Government of Nepal and the Government of India.
There will be no restriction on reexport from the territory of a Contracting Party to third countries of the goods imported from the other Contracting Party without manufacturing activity in the Contracting Party."

नेपाल र भारत सरकार बिच भएको उपरोक्त वाणिज्य सन्धी अनुरुप तेश्रो मुलुकमा उत्पादित मालवस्तु भारतबाट नेपालमा पैठारी गर्न बन्देज लगाएकोमा विवाद देखिएन । पुनरावेदकले पैठारी गरेको मालवस्तु साथ पेश गर्नु परेने Bill of Origin पेश नगरेको भएतापनि प्रज्ञापनपत्रमा खुलाए बमोजिम उक्त मालबस्तु तेश्रो मुलुक इण्डोनेशियामा उत्पादन भएको भन्ने देखिन आएकोमा पनि विवाद देखिन आएन । तर तेश्रो मुलुकबाट आयात हुने मालवस्तुको लागी चाहिने CTD, Country Of Origin Certificate, Bill Of Lading लगायतका पैठारी गरिएका मालवस्तु साथै पेश गर्नु पर्ने कागजात पुनरावेदकले पेश गर्न सकेको पाइएन। यसरी तेश्रो मुलुकबाट सामान आयात गर्दा पेश गर्नु पर्ने कागजात पेश नगरेको अवस्थामा उक्त सामान कानुन बमोजिम पैठारी भएको भन्ने अनुमान गर्न मिलेन ।

त्यस्तै, पैठारी भएको मालवस्तु GOLDEN INTERNATIONAL FZE U.A.E. निर्यातकर्ता भइ INDONESIA बाट आयात गरी SEZ UNIT OF M/S SIDDHARTHA LOGISTIC CO. PVT. IN SIRICITY MULTIPRODUCT SEZ/FTWZ, ANDHRA PRADESH,INDIA मा स्टक होल्ड गरेको भन्ने सम्म पेश भएका कागजातहरुबाट देखिन्छ। साथै, बिजकमा मालवस्तुको मुल्य अमेरिकी डलरमा उल्लेख भएको भएतापनि सो को भुक्तानी आयातकर्ता शिवशक्ती प्रोडक्टबाट के कुन प्रकृयाबाट कहिले भएको हो भन्ने सम्बन्धमा पुनरावेदकले कुनै प्रमाण कागज पेश गर्न सकेको देखिएन । निर्यातकर्ता तेश्रो मुलुकको कम्पनी भएको, उक्त मालबस्तु नेपालका लागी नै निर्यात भएको भन्ने बस्तुनिष्ठ प्रमाण पुनरावेदकले पेश गर्न सकेको नदेखिएको हुँदा उक्त मालवस्तु नेपाल भारत बाणिज्य सन्धीको Article III मा भएको व्यवस्था विपरित इण्डोनेशिया उत्पादित मालवस्तु पुनरावेदक शिव शक्ती प्रोडक्टले भारतबाट आयात गरेको देखिएको समेत अवस्थामा जफत भएको मालवस्तु आफूले कानून बमोजिम नै पैठारी गरेको हुँदा फिर्ता पाउनु पर्दछ भन्ने पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन ।

९. तसर्थ, माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा वीरगञ्ज भन्सार कार्यालयबाट पुनरावेदकले पैठारी गरेको १३६०० के.जि. सुपारी जफत गर्ने गरी मिति २०७५/०३/०७ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू।

**<u>तपसील</u>**

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनू------------------------१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिइ नक्कल दिनू----------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू---------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल साउन महिना २१ गते रोज ३ शुभम् ..........................